बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

१७ औं गाउँसभा २०८० असार १० गते प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०८०

**बारेकोट गाउँपालिकाको १७ औं बजेट अधविशनमा उपस्थति हुनु भएका गाउँपालकिा उपाध्यक्ष ज्यू,वडा अध्यक्ष ज्यूहरु,गाउँ कार्यपालिका सदस्य ज्यूहरु गाउँ सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सर्वप्रथम नेपाली जनताको राजनीतिक स्वतन्त्रता, आर्थिक समृद्धि र सामाजिक न्यायको लागि जीवन उत्सर्ग गर्नहुने बीर शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र संर्षमा घाईते अपाङ्ग र वेपत्ता हुनुहुने महान व्यक्तिहरु प्रति उच्च सम्मान छ ।

आजको नयाँ व्यवस्थामा पुरानो अवस्थाको निरन्तरता भत्काउनु हामी सबैको साझा कर्तव्य हो । यो युगिन कर्तव्य पुरागर्नु नै हामी सबैको उद्देश्य हो । यहि उद्देश्य पुरा गर्नका लागि जनताले हाम्रो पक्षमा जनमत अभिव्यक्त गर्नुभएको छ । यो ऐतिहाँसिक जनमतको सम्मान गर्दै समृद्ध बारेकोट निर्माणमा लाग्नु हामी जनप्रतिनिधिहरुको राजनीतिक तथा सामाजिक उत्तरदायित्व हो । यही मर्म वोधका साथै हामी आज निरन्तरताको १७ औं गाउँसभामा उपस्थित भएका छौं । हाम्रो गाउँसभालाई बारेकोटी जनताले ठूलो आशा उत्साह र भरोसाको साथ हेरिरहेका छन् । यो बेला सिमित स्रोत साधनको अधिकतम प्रयोग र उपयोगबाट असिमित आवश्यकता र इच्छा चाहानाहरुको सम्वोधन गर्ने परिस्थिति हाम्रो अगाडि उभिएको छ । हामीले उपलब्ध स्रोत साधनहरुको जनउपयोगी परिचालनबाट नै बारेकोट समृद्धिको यात्रा आरम्भ गर्नुपर्ने छ । यस्तो बास्तविकतालाई आत्मसाथ गर्दै नीतिगत सुधार, प्रक्रियागत प्रभावकारिता र परिणाममुखी कार्यान्वयनको लागि नीति योजना र कार्यक्रम तर्जुमा हाम्रो अभिभारा हो । यो अभिभारा पुरागर्दै अगाडिबढ्न सक्नुपर्नेछ । गणतन्त्र स्थापना पछिको दोस्रो स्थानीय तहको निर्वाचन पछि बारेकोटी जनतामा समयानुकुल अपेक्षाहरुको बढोत्तरी भएको छ तर त्यस्ता अपेक्षाहरुको सम्वोधन गर्ने स्रोतसाधनको उपलब्धता भने पुरानै छ । आवश्यकता बदलिएका छन् ती आवश्यकता पुरा गर्ने सम्भावना पुरानै छ । तथापी क्रमागत रुपमा सुन्दर र परिवर्तनको मार्ग खोल्न प्रयासरत रहनुपर्नेछ । हिजोको अभ्यास, अनुभव आजको लागि शिक्षा हुन सक्छ तर हुवहु त्यसको निरन्तरताबाट मात्रै निर्देशित हुने छुट हामीलाई छैन । तसर्थ विगतको समिक्षा वर्तमानको यथार्तता र भविस्यको सपथ सहित आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

नेपालको संबैधानिक व्यवस्था अनुरुप शिक्षा, स्वास्थ्य, रोजगारी, स्वच्छ वातावरण, सूचना, र सामाजिक न्याय जस्ता मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लेखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवम् उन्नतीशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीयस्तरमै सर्वाङ्गीण विकासको आधारशीला तयार गर्ने नीति तथा

कार्यक्रम निर्माण कार्यले मात्रै हामीले चाहेको परिवर्तन हुन सक्दैन। यसका लागि नीति तथा कार्यक्रममा समावेश विषयवस्तुहरुको प्रभावकारी कार्यान्वयन गर्ने यथोचित स्रोत/साधनको सुनिश्चितता गर्नुपर्ने हुन्छ। विगतका नीति तथा कार्यक्रम कार्यान्वयनको अनुभव र उपलब्ध स्रोत/साधनको उचित प्रयोग र परिचालन गर्दै आगामी आर्थिक वर्ष २०८०/०८१ मा विषयक्षेत्रगत सहितको २०४ बुँदाको नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गर्दछु।

## १. आर्थिक विकास

### क) कृषि तथा पशुपंक्षी विकास

१. मानव स्वास्थ्य र पशु स्वास्थ्य सुधारका लागि मानव घर र पशु घरलाई अलग गर्ने कार्यक्रमलाईनिरन्तरता दिइने छ।

२. कृषि व्यवसायमा सहजता र उत्पादनमा अभिवृद्धि गर्नको लागि पकेटक्षेत्र विस्तार कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

३. अत्यावश्यक कृषि उपजमा बारेकोटलाई आत्मनिर्भर बनाउन भौगोलिक अवस्था वाताबरण अनुकुल उत्पादन धान, मकै, गहुँ, जौं, कोदो, जस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली, आलु, काउली, बन्दा, पिंडालु, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, गोलभेंडा जस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैंची, धनियाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदिको परम्परागता खेतिको अलाबा अन्य अन्न, फलफुल तथा तरकारी खेतिको संम्भाब्यता अध्ययन गरि माटो सुहाउदो एक वडा एक उत्पादन कार्यक्रम संचालन गर्न बिशेष पहल गरिने छ।

४. बारेकोटमा ठेकी फल (Kiwi fruit)को राम्रो सम्भावना देखिएकोले व्यावसायिक किवी खेतीका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

५. स्याउ, सुन्तला, केरा, कागती, ओखर, नास्पाती, आरु, आरुबखडा, ठेकी फल (Kiwi fruit), जस्ता फलफुल खेतिका लागि संम्भाब्यता अध्ययन गर्न पहल गरिने छ।

६. तोरी, चुली, ढुटेलो, जैतुनको उत्पादन र प्रशोधनका लागि कार्यक्रम संचालन गरी तेल उत्पादनमा बारेकोटलाई आत्मनिर्भर बनाउन पहल गरिनेछ।

७. बारेकोटलाई तरकारीमा आत्म निर्भर बनाउनका लागि तरकारीको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न कृषकहरुलाई तरकारी खेतिमा आकर्षित गर्ने बिशेष अनुदानकार्यक्रमलाई निरन्तरता दिइने छ।

८. पशुपालनबाट किसानहरुको आय आर्जन बृद्धि गर्न भेडा, बाख्रा रभैंसी पालन क्षेत्र निर्धारण गरी बिशेष कार्यक्रम संचालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्यको लागि पहल गरिने छ।

९. कुखुरा, हाँस, कालिज, अस्ट्रिज, टर्की जस्ता पन्छी ब्यवसायिक पालनको लागि प्रदेश बिशेष अनुदानमा कार्यक्रम संचालन गरिने छ।

१०. मौरीपालन र माछापालनको सम्भाब्यता अध्ययन गरि यहि वर्षबाट माछापालन व्यावसाय सञ्चालन गर्न पहल गरिनेछ ।

११. पालिका भित्रका सम्पूर्ण वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरी पशुजन्य महामारी नियन्त्रण तथा पशु उपचारको ब्यबस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. जोनोटिक रोग नियन्त्रण, रेविज रोग नियन्त्रणका लागि निशुल्क खोप लगाउने, सामुदायिक कुकुर बन्ध्याकरण, क्षयरोग सर्भिलेन्स जस्ता कार्यक्रमहरु आवश्यकतामा संचालन गरिने छ ।

१३. पशु विमा प्रर्बद्धन कार्यक्रम, पशु नस्ल सुधार कार्यक्रम र पशु पोषण सुधार जस्ता कार्यक्रम संचालनका लागि पहल गरिने छ ।

१४. सहज पशु उपचारको लागि एक वडा एक पशुप्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधिकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ ।

१६. युवा लक्षित सोरोजगार कार्यक्रमका लागि बाँझो जमिनमा एकिकृत कृषि स्रोत केन्द्र स्थापना गर्न विशेष व्यवस्था गरिनेछ ।

१७. सहकारी र स्थानीय समुदायको सहभागितामा ब्यबसायिक कृषि योजना निर्माण गरी बिउ, सिँचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन ब्यवसायिकतामा बृद्धि गर्न जोड दिइनेछ ।

१८. कृतिम तरिकाबाट पशुहरुमा नश्ल सुधार गर्ने र प्राकृतिक गर्भधानको लागि राँगा, गधा,बोका, थुमा र कुखुरा खरिद गरी बितरण गर्ने ब्यवस्था मिलाईने छ ।

१९. पशुपालन ब्यवसायलाई ब्यवसायिक बनाउन किसानहरुका लागि आधुनिक खोर निर्माण गर्न अनुदान रकम दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. किसान समुह समिति फर्महरुले पशु पालन सम्बन्धि नमुना कार्यक्रम गरे वापत उक्त किसान समुह समिति तथा फर्महरुलाई छनोटको आधारमा उच्च मुल्यांकन गरी कृषक प्रोत्साहान स्वरुप अनुदान प्रदान गरीनेछ ।

२१. एक्कल महिला विपन्न वर्ग तथा पिछडीएको महिला समूहलाई छनोट गरी उन्नत बाख्रा अनुदान कार्यक्रम स्थानीय कुखुरा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. पशुपालन ब्यबसायलाई थप ब्यवस्थित र ब्यबसायिक गर्न पशु तथ्यांक संकलन कार्यक्रम संचालनमा ल्याइने छ ।

२३. व्यावसायिक पशुपालन कृषकहरुको लागि गोठालो भत्ता दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. कृषि अनुदान कार्यक्रम सञ्चालन गर्दा समूह, संस्था, सहकारिका साथसाथै विपन्न किसान परिवारलाई समेत समावेश गरिने नीति अवलम्वन गरिनेछ ।

**ख) सिंचाई**

२५. कृषि उत्दानको संभाब्यता अध्ययन गरी सिँचाइको श्रोतहरुको परिचालनका लागि बिशेष पहल गरिने छ । यसका लागि संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा कुलो तथा लिफ्ट सिंचाइ कार्यक्रम अगाडि बढाइनेछ । कृषि उत्पादनको संभाब्यता अध्ययन गरी खेतीयोग्य जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गरि कृषि उत्पादन कार्यलाई प्राथमिकताका दिइनेछ ।

२६. जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयनमा लाइने छ ।

२७. नदि र खोलाको कटानबाट जोखिममा परेका बस्ति तथा खेतियोग्य जमिन सुरक्षाको लागि विशेष कार्यक्रम लागु गरिनेछ ।

**ग) कला संस्कृति तथा पर्यटन**

२८. बारेकोट सम्बृद्धिको महत्वपूर्ण आधार पर्यटन हो । यसर्थ पर्यटन गुरु योजना निर्माण गरी पर्यटन प्रबर्द्धन विकास गर्न बिशेष पहल गरिने छ ।

२९. महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान, प्रचार प्रसार र विकासका लागि आबश्यक पहल गरिने छ ।

३०. यहाँका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल,संस्कृति, सभ्यताको खोज, संरक्षण र सम्वद्र्धन गरिनेछ । साथै प्रचार प्रसारका लागि आवश्यक कार्यक्रमहरु जस्तै सामाजिक संजाल, वेबसाइट प्रयोगका साथै श्रब्य दृश्यि सामाग्रि निर्माण गर्न पहल गरिने छ ।

३१. बारेकोटमा संचालित रेडपाण्डा संरक्षण कार्यक्रमलाइ निरन्तरता दिँदै सहकार्यका लागि दातृ निकायसँग आवश्यक समन्वय गरिनेछ ।

३२. जिल्लाकै सुन्दर बस्ति सिल्पाचौरमा होमस्टे संचालनका लागि आबश्यक ब्यबस्था सहित बिस्तृत अध्ययन गरी काम अगाडी बढाइने छ ।

३३. धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण कला संस्कृतिको संवर्द्धन पुरातत्व विभागमा सूचिकृत गराउने देखि IT पार्कको स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।

३४. बारेकोटको प्रसिद्ध देवता राँगाबाँचिलाको मन्दिर निर्माण गरि दैविक शक्तिपिठको रुपमा स्थापित गर्न विस्तृत योजना निर्माण भइसकेकोले आवश्यक कार्य अगाडि बढाईनेछ ।

३५. पर्यटन प्रवर्द्धन र विकासका लागि आउने आर्थिक वर्षमा बारेकोट चिनाउ अभियान संचालनका लागि विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

३६. बारेकोटको कला संस्कृति र बाजा संरक्षणाका निम्ति विशेष व्यवस्था मिलाइनेछ ।

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**घ) उद्यम विकास,**

३७. उद्यमशीलताको विकास उद्यमी निर्माणको लागि उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइ प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

३८. सीप सिकिसकेका व्यक्ति तथा उद्यमीहरुको लागि पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ। व्यावसाय सञ्चालन गरेका व्यावसायीहरुका लागि व्यावसाय प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

३९. विद्यालयबाट उद्यमशीलताको विकास, सीप सिकाइ कार्यलाई सुरुवात गर्ने पढ्दै कमाउँदै कार्यक्रम आ.व. २०८०/०८१ देखि उद्यविकास कार्यक्रममार्फत सञ्चालन गरिनेछ।

४०. गरिवी निवारण र आयआर्जनको लागि अल्लो, निगालो, बाँस, छाला ऊन जन्य उद्यम शिलताका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ साथै होजियारी सिलाई बुनाई सम्वन्धी आवश्यक तालिम सञ्चालनको व्यवस्था गरिनेछ।

४१. उद्यमशीलता, घरेलु उद्योग र सिलाइकटाई तालिम संचालनको कार्य उद्यमविकास शाखा मार्फत सञ्चालन गरिनेछ।

**ङ) उद्योग, वाणिज्य र सहकारी**

४२. बारेकोटमा रहेका खनिज फलामखानी र तामाखानीको सम्भाव्यता अध्ययनका लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा पहल गरिनेछ।

४३. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ।

४४. बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ। दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ।

४५. खाद्यन्न आपुर्तीका लागि घाट बजारमा स्थापना भएको खाद्य डिपोमा खाद्यान्न आपूर्तिको व्यवस्था गरिनेछ र नुन आपुर्तीको लागि नुन डिपोको स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

४६. तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र संचालनमा रहेका सम्पुर्ण सहकारीहरुलाई क्रियाशिल बनाउने र सहकारी संस्थासँगको साझेदारीमा आयआर्जन गरिबी निबारण स्वरोजगार सिर्जना सम्बन्धि कार्यक्रम संचालन गरिने छ।

**२. सामाजिक विकास**

**क) शिक्षा, युवा तथा खेलकुद**

४७. बारेकोट गाउँपालिकाकोशैक्षिक सुधारका लागि नमूना बालविकास (ECD) कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै ती बालविकासमा प्रवधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सञ्चालनको कार्यक्रम बढाउँदैलगिनेछ।

४८. गृहणी शिक्षा, अनौपचारिक शिक्षा, मानव अधिकार शिक्षा, कानूनी शिक्षा र यौन शिक्षा सम्वन्धी कक्षा, विद्यालयमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

४९. दिवा खाजा व्यवस्थापन तथा क्षमता अभिवृद्धि र विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रमका लागि आवश्यक व्यवस्था गरिनेछ।

५०. हालसम्म बारेकोट गाउँपालिमा उच्च शिक्षा प्रदायक शिक्षण संस्था नभएको र आगामी दिनमा पालिकामै उच्च शिक्षाको पहुँच हुनेगरी एउटा स्नातक तहको पठनपाठन गर्न क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

५१. यस पालिकाबाट प्रत्येक वर्ष एस.ई.ई. उतिर्णहुने छात्र/छात्राहरु मध्य प्रथमहुने छात्र/छात्रालाई प्रोत्साहन सम्मान गरिनेछ।

५२. प्राविधिक शिक्षा तर्फ उच्च शिक्षा अध्ययन गर्ने MBBS, BE र LLB पढ्ने एक/एक जनालाई Diploma & Bachelor Level पटके सहायता दिने व्यवस्था गरिनेछ। साथै दलित छत्र छात्राहरुलाई विषेश प्राथमिकता दिइने छ।

५३. स्नातक तह सम्मको बहुप्राविधिक शिक्षालय स्थापना गर्ने विशेष पहल गरिनेछ। वीरेन्द्र ऐश्वर्य मा.वि. लिम्सालाई प्राविधक शिक्षालयको रुपमा विकास गिरनेछ।

५४. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा वितरण गरिएको शिक्षण सिकाई अनुदान (बालविकास, प्रावि, निमावि, मावि, कम्प्युटर सहायक र कार्यालिय सहयोगी) लाई आबश्यताको आधारमा थपघट र ब्यबस्थापन गरिने छ।

५५. विद्यालयहरुको भौतिक व्यवस्थापनलाई व्यवस्थित गरी शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा प्राथमिकिकरण गरी विद्यालयहरुमा थप भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ।

५६. गाउँपालिकाबाट संचालन अनुमति प्राप्त सामुदायिक बालविकास केन्द्रहरुमा दरबन्दी, भौतिक पुर्वाधारको व्यवस्थापन गरी शिक्षण सिकाईलाई सहज तथा प्रभावकारी बनाउन पहल गरिने छ।

५७. शिक्षकहरुको पेशागत क्षमतालाई अभिवृद्धि गर्न पालिकास्तरमै थप तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ।

५८. बालबालिकाहरुको अन्तरनिहीत क्षमता तथा प्रतिभा प्रष्फुटनका लागि विद्यालयस्तरमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न पहलगरिनेछ।

५९. खेलक्षेत्रको विकासका र खेलाडी उत्पादनका लागि बारेकोटमा रंगशाला निर्माण र सुविधा सम्पन्न सभाहल निर्माणका लागि पहल गरिनेछ।

६०. गाउँ शिक्षा योजना तयारी तथा प्रबोधिकरण, शैक्षिक क्यालेन्डर निर्माण, स्थानिय स्तरमा संचालन गरिने विभिन्न परीक्षाको प्रभावकारी व्यवस्थापन तथा संचालन गरिनेछ।साथै स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

६१. बिद्यार्थी भर्ना र टिकाउ दरलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाको लागि सबै बिघालयका बालविकास कक्षा देखि ५ कक्षा सम्मका बिद्यार्थीलाइ पोषणयुक्त दिवा खाजाकार्यक्रम प्रभावकारी बनाइनेछ।

६२. विद्यालयका प्रधानाध्यापकहरुको नियमित बैठक तथा विद्यालयहरुले पालिकामा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने कार्यको सुरुवात गरिनेछ।

६३. विद्यालयहरुको गुणस्तर सुधार, सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा थप सुधार गर्न आवश्यक कार्य अघि बढाइनेछ।

६४. शिक्षण संस्थाहरुलाई समयानुकुल प्रबिधिमैत्री बनाउदै बिद्यार्थीहरुलाइ आधुनिक सूचना प्रबिधिको सिकाइ तर्फ अभिप्रेरित गर्दै लगिने छ।

६५. अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोत कक्षा सञ्चालन गर्न पहल गरिनेछ।

६६. नियमित शिक्षक विद्यार्थी मूल्याङ्कन प्रणाली विकास गरी शिक्षक विद्यार्थी प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

## ख) स्वास्थ्य

६७. स्वस्थ बारेकोट समृद्ध बारेकोटीको स्थानीय लक्ष्य हाँसलि गर्न स्वास्थ्यका ६ स्तम्भहरुमा ध्यान दिइने छ। १) मानव श्रोत २) आर्थिक श्रोत ३) औषधी औजार र उपकरण ४) नेतृत्व तथा सुशासन ५) सूचना प्रणाली ६) स्वास्थ्य पूर्वाधार।

६८. अति बिपन्न नागरिकहरुका लागि स्थानीय आपतकालिन आकस्मिक कोष संचालन गरिनेछ।

६९. यस पालिकाका अन्तर्गतका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरुको उपचारका लागि घुम्ति शिबिर संचालन गर्ने प्रबन्ध मिलाइने छ।

७०. बारेकोटबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ।

७१. बारेकोटको आर्थिक अवस्था, स्वास्थ्य स्थिति र भौगोलिक विकटतालाई मध्यनजर गरि पालिकाले सञ्चालनमा ल्याएको एम्बुलेन्स सेवा सञ्चालनमा निरन्तरता दिइनेछ।

७२. १५ शैयाको आधारभूत अस्पताल लिम्सामा राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी थप विशेषज्ञ डाक्टरहरुको व्यवस्थापन गर्न पहल गरिनेछ। यसै वर्षबाट प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे, इसिजी, एक्सरे लगायतका विशेष उपकरण र सो संचालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम संचालन गर्ने र स्वास्थ्य केन्द्रबाट बीरामीलाई २४ सैं घन्टा सेवा प्रवाह हुने ब्यबस्था गर्न पहल गरिने छ।

७३. यहाँका सम्पूर्ण आधारभुत स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्यचौकीमा स्तरोउन्नती गर्न आवश्यक पहल गरिनेछ।

७४. प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिगं सेन्टरहरुलाई व्यवस्थित गर्दै अन्य स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन सुरक्षित सुत्केरी सेवा संचालन गरिनेछ।

७५. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अतिआवश्यक औजार उपकरण, स्टेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाउदै लगिने छ।

वीर बहादुर गिरी
अध्यक्ष

७६. जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालनका लागि आवश्यक समन्वय गरिनेछ।

७७. स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसंग समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ।

७८. पोषणसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ।

७९. कडा प्रकृतिका रोग लागि उपचार गर्न नसकेका नागरिकहरुका लागि उपचारको व्यवस्था मिलाउन पहल गरिने छ।

८०. नेपाल सरकारसँगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

८१. सबै स्वास्थ्य संस्थाहरुमा सौर्य प्रणली तथा इन्टरनेट जडान गरि प्रविधि मैत्री स्वास्थ्य नीति अवलम्बन गर्न पहल गरिनेछ।

८२. क्षयरोग तथा कुष्ठरोगका बिरामीहरुको पहिचान तथा सहज उपचारको व्यवस्था मिलाईनेछ।

८३. सरकारी तथा गैह्र सरकारी सँस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिदै थप स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने संघ सँस्थाहरुलाई कार्यक्रम लागु गर्न पहल गरिनेछ।

८४. बाजार तथा वस्ति टोलहरुबाट उत्पादनहुने विभिन्न प्रकारको फोहोरमैलालाई निश्चित स्थानमा व्यवस्थित गर्न आवश्यकताको आधारमा डम्पिङसाईट तोकी फोहोरमैलाको उचित व्यवस्थापनका लागी आवश्यक प्रक्रिया अगाडि वढाईनेछ।

८५. महिला स्वंयमसेविकाहरुका लागि सहुलियत स्वरुप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

८६. पानीको जीवन उपयोगितालाई सिद्ध गर्न साझेदार संघ संस्थाहरुसँगको सहकार्यमा जल उपयोग गुरुयोजना अनुसार कार्यक्रम अगाडि बढाईने छ।

८७. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल(CMC Nepal)सँगको सहकार्यमा संचालित सामुदायिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

८८. खानेपानी तथा सरसफाईको दीर्घकालीन समस्या समाधान गर्न शुद्ध खानेपानी र स्वस्थ वातावरण निर्माणका लागि बिशेष पहल गरिनेछ।

८९. स्वास्थ्य तथा सरसफाईका लागि खानेपानीको लक्ष्य पुरा गर्ने नीति अनुरुप“एक घर एक धारा” कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ, साथै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय लगायत सबै सार्वजनिक सँस्थाहरुमा स्वच्छ पिउने पानीको सुविधा बिस्तार गरिनेछ।

९०. खानेपानी योजनाहरुको दीर्घकालिन उपयोगिताका लागि हरेक योजनाहरुमा मर्मत संभार कोष स्थापना गर्ने व्यवस्था मिलाईने छ।

९१. WARMP-HELVETAS, NCCSP,पहाडी क्षेत्र विकास अभियान, लगायतका खानेपानीका क्षेत्रमा काम गर्ने संघ सँस्थाहरु सँगको सहकार्यलाई निरन्तरता दिदै खानेपानीको समस्या समाधानको पहल गरिनेछ।

९२. सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गर्दै स्वच्छ वातावरण र स्वस्थ नागरिक निर्माणको अभियान सञ्चालन गरिने छ ।आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागि पहल गरिनेछ ।

९३. एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र दिगो व्यवस्थापनका लागि पालिका स्तरमा खानेपानी,सरसफाई, स्वच्छता तथा मर्मत सम्भार समिति गठन गरि परिचालन गर्ने व्यवस्था आ. व. २०८०/०८१ देखि मिलाईने छ।

**घ) लक्षित वर्ग**

९४. जनयुद्ध, जन आन्दोलनका घाइते, अपाङ्ग र शहिद परिवारका लागि विशेष राहत कार्यक्रम ल्याईनेछ।

९५. छोरा र छोरी बिचको भदेभावलाई न्यूनिकरण गर्दै बालविवाह रोक्न, धैरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुने अवस्था आउन नदिन, घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, महिनावारी हुँदा गरिने विवेदित व्यवहारलाई निरुत्साहित गर्न,महिलाले पछाडी खाना खाने जस्ता विभेद युक्त व्यवहार हटाउन छोरा र छोरीलाई समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपायहरुको खोजी गरिने छ।

९६. नारी सुरक्षाका लागि छोरी खाता सञ्चानलाई व्यापक रुपमा विस्तार गरिनेछ।

९७. जीवन संगिनी गुमाएका एकल पुरुषहरुका लागि बिदुर भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९८. जातीय विभेदअन्तर्गत दलितहरु प्रति अमानवीय र निकृष्ट व्यवहार निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

९९. **दलित र गैर दलित युवायुवती बीच माघी विवाह भएमा त्यस्तो जोडीलाई रु. १ लाख प्रोत्साहान सहित सम्मान गरिनेछ।**

१००. महिला दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन कार्यक्रम लागु गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिक शिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गर्न पहल गरिनेछ।

१०१. एकल महिलाहरुको समूह निर्माण गरी समुहमा आधारित सामाजिक कल्याण र आयआर्जन उन्मुख कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०२. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्दा नीतिगत प्रक्रिया पूरा गरि वडा कार्यालबाट अपाङ्ग परिचय पत्र वितरण गर्न घुम्ती शिविर संचालन गर्ते कार्यक्रम ल्याइनेछ ।

१०३. साहारा विहिन, टुहुरा, बालबालिकाहरुको पालनपोषण र शिक्षा दिक्षाको प्रवन्ध गर्न संस्थागत अनाथालय स्थापनाका लागि पहल गरिनेछ।

१०४. फरक क्षमता भएका व्यक्तिहरुलाई सीपविकास तालिम संचालन गर्न प्रवन्ध मिलाईनेछ।

१०५. अति विपन्न परिवारका लागि शौचालय सदृढिकरण अभियान संचालन गरिनेछ।

१०६. लागु औषदको उत्पादन, कारोबार र प्रयोगलाई नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गर्न पहल गरिनेछ।

**३. पूर्वाधार तर्फ**

१०७. बारेकोट रिङरोड निर्माणका लागि पहल गरिनेछ।

१०८. दीगो पूर्वाधार विकासको आधुनिक मान्यतालाई आत्मसाथ गर्दै पूर्वाधार विकासका क्षेत्रमा नयाँ आयाम स्थापित गर्ने गरि विकास योजनाहरुको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कन गरिने छ।

१०९. सबै वडाबाट पालिका केन्द्र सम्मको सहज पहुँच विस्तार गर्न ट्रयाक खोलिएका सडकहरुको स्तरोन्नतिको काम क्रमश अगाडि बढाईनेछ।

११०. पालिका केन्द्रदेखि सदरमुकाम सम्मको सडक सम्पर्क सहज बनाउन सडको स्तरोन्नती र सडक पुल निर्माणका लागि विशेष पहल गरिनेछ। आ.व. २०८०/०८१ मा दोविल्ला खोला मोटरेवल पुल निर्माणको काम अगाडी बढाईनेछ।

१११. विगत आ.व. हरुमा कार्य संचालन भइ कार्य सम्पन्न हुन बाँकी विभिन्न आयोजनाहरुको कार्यसम्पन्न गर्ने कार्यलाई यो आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ।

११२. उज्यालो बारेकोटका लागि केन्द्रीय बिद्युत प्रशारण लाइन बारेकोटसम्म बिस्तारका लागि आबश्यक पहल गरिनेछ र गाउँपालिका अन्तर्गत संचालित लघु जलविद्युत आयोजनाहरुको मर्मत संभार कार्यलाई निरन्तरता दिइनेछ।

११३. पालिका भित्र संचालित साना लघुजलबिद्युत आयोजनाहरुलाई एउटै प्रसारण लाइनमा एकिकृत गरि गाउँपालिका भित्र विधुत प्रसारण तथा वितरण गर्ने संस्थागत व्यवस्था मिलाइनेछ।

११४. लघु जलविद्युत्त आयोजनालाई प्रभावकारी व्यवस्थापन गर्न फलामे पोल विस्तार गर्न पहल गरिनेछ।

११५. नलगाड जलविधुत परियोजनाको डि.पि.आर. प्राप्त गर्ने र लगानी कर्ता जुटाउन संघीय सरकारलाई अनुरोध गर्ने संरचनाको मुआब्जा तत्काल वितरणको व्यवस्था मिलाउन सरोकारवाला निकायसँग अनुरोध गरिनेछ।

११६. गाउँपालिका महत्वका रणनीतिक सडकहरुमा आवश्यकता अनुसार **"हाम्रो जनता सडक कार्यक्रम"**कार्यक्रमलाइ निरन्तरता दिदैं **"हरेक टोल र बस्तीमा सडक निर्माण बर्ष भरी नै गाडी संचालन गर्ने हाम्रो अभियान कार्यक्रम"**ल्याई परिणाममूखी कार्यान्वयन गरिनेछ।

११७. हाल सम्म सडक सञ्जालसँग नजोडिएका वडा नं ३ को मुल्साम, रुम्शिल, वडा नं २ को सेरी, वडा नं १ को वयाला, वडा नं ६ को धुमा, वडा नं ७ को ताँपु सैनी, वडा नं ८ को डाँडागाउँ जामिरचौर लैखम जुगेना वडा नं ४ को कम्द, जालतरी, कोल्लाया धुमालगाउँ, वडा नं ५ को धोरा वडा नं. ९ को माथी काप्ती, सक्ला गाउँ, माथिल्लो खारी लगायतका वस्तीहरुमा सडक सञ्जाल जोड्न विशेष पहल गरिने छ।

११८. स्तरोन्नती भइरहेका सडकहरुको कार्यलाई तिब्रता दिइनेछ।

११९. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२०. नेपाल सरकारले तोकेअनुसार वर्गीकरण गरिएका Village Road, City Road, Federal Road, National Highway को मापदण्ड अबलम्बन गरिनेछ।

१२१. सडक, भवन र पुलहरुको मुल्यांकन गर्ने नयाँ प्रविधिको अबलम्बन गर्न प्राविधिकहरुको क्षमता विकासका तालिम संचालन गरिनेछ।

१२२. सडक आसपासमा हरियाली वाताबरण निर्माण गर्न र सडक सुरक्षाका लागि बृक्षा रोपन कार्यक्रम संचालन गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ।

१२३. UNDP, WFP को संयुक्त आर्थिक साझेदारीमा संचालित स्थानीय विकास सहयो कार्यक्रम, जापानी सरकारको आर्थकि तथा UNDP को प्राविधिक सहयोगमा संचालित जलवायु सम्वन्धी स्थानीय कार्यहरु मार्फत मानव सुरक्षा सुदृढीकरण कार्यक्रम नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम NCCSP र हेल्भेटास नेपालको आर्थिक सहयोगमा पहाडी क्षेत्रविकास अभियानको सामाजिक परिचालनमा संचालित एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम लगायतका कार्यक्रमलाई पालिकाको साझेदारीमा आउने आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ। साथै अन्य दातृ निकायहरुको साझेदारी पूर्वाधार तथा सामाजिक विकास, आय आर्जनका लागि नयाँ कार्यक्रम संचालनको लागि आवश्यक पहल गरिनेछ।

### ४. भवन तथा सहरी विकास :

१२४. सबै वडा कार्यालयको भवन निर्माण गर्ने लक्ष्य अनुरुप निर्माण हुन बाँकी वडा नं ५ को कार्यालय भवन कार्यलाई अगाडी बढाइने छ।

१२५. नेपाल सरकारको भवनसम्बन्धी आचार संहिता लागू गरिनेछ। गाउँपालिकामा निर्माण हुने घरहरु भूकम्प प्रतिरोधी बनाउनका लागि प्रत्येक वडाका स्थानीय २० जना मिस्त्रीहरुलाई (MESON) तालिम संचालन गरिनेछ।

१२६. सुरक्षित घर निर्माण र वस्ती व्यवस्थापनका लागि निर्माण गरिएको भवन आचारसंहितालाई कार्यान्वयनमा ल्याईनेछ।

१२७. जनता आवास, खर मुक्त छाना र एकिकृत वस्ती विकासको कार्यक्रमलाई संघ र प्रदेश सरकारसँग सहकार्यमा अगाडि बढाइनेछ।

### ५. वन, वातावरण तथा विपद् व्यवस्थापन :

१२८. हरियो वन बारेकोटको धन भन्ने मान्यता विकास गरि वन अतिक्रमण रोक्न नीतिगत व्यवस्था गरिनेछ।

१२९. वातावरणीय स्वच्छता अभिवृद्धि तथा **जलवायु परिवर्तन हरित गृह प्रभाव रोक्न** हरेक वडाहरुमा वृक्षारोपन गर्ने कार्यक्रम संचालन गरिनेछ।

१३०. जडीबुटीको खोजतलास संकलन र निकासीका लागि नीतिगत प्रवन्ध गरि बारेकोटमै जडीबुटी प्रशोधन केन्द्र स्थापनाका लागि विशेष पहल गरिनेछ।

१३१. गिट्टी, ढुङ्गा, बालुवा, माटो लगायतका प्राकृतिक सम्पदाको उचित र व्यवस्थित उपयोगको नीति र अन्य अतिक्रमणलाई नियन्त्रण गर्ने व्यवस्था गरिनेछ।

१३२. विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनरस्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१३३. गाउँपालिका क्षेत्र भित्र अमुल्य लोपोन्मुख वन्यजन्तु, जडिबुटी पाइने तर तीनिहरुको चोरी शिकारी तथा निकासी पैठारी हुने गरेकोले यसको नियन्त्रण तथा न्युनीकरणका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ।

१३४. बारेकोटको जडिबुटी संकलन र निकासीको लागि आवश्यक संस्थागत पहल गरिनेछ।

१३५. बाढी पहिरोका कारण बारेकोटका अधिकांश गाउँबस्तीहरु उच्च जोखिममा रहेकोले एकीकृत बस्ती व्यवस्थापन कार्यक्रम संघ तथा प्रदेश सरकारको सहकार्यमा अगाडी बढाइनेछ।

१३६. बाढी, पहिरो, भूक्षय रोक्नका लागि**रुख रोपौं, आफू बचौं र गाउँलाई बचाऔं**कार्यक्रमलाई अगाडी बढाउन पहल गरिनेछ।

१३७. नदि तथा खोलाको कटानमा परेर उच्च जोखिममा रहेका वडा नं १ को कोटेली वडा नं २, ८, ५ को आसपास घाटबजार, काउली बजार, वडा नं ८ को सेपुखोला लगायतका वस्ति सुरक्षा गर्न तटवन्धन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

## ६. बहुक्षेत्रीय पोषण MSNP

१३८. गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वियनको लागि आवश्यक नीति अबलम्बन गर्ने छ।

१३९. बारेकोट गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै समपुरक कोष Matching Fund को व्यबस्था गरिनेछ।

१४०. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन(NFLG) अबलम्बन गर्न पोषण मैत्री वडा घोषणाबिशेष अभियानलाई निरन्तरता दिइने छ।

१४१. महिला, किशोरी र बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ।

१४२. पोषण सेवाको पहुँच र उपभोग बढाउनका निम्ति विशेष पहल गरिनेछ।

१४३. कडा कुपोषणबाट प्रभावित बालबालिकाको संख्या भएको क्षेत्रमा "**पोषण यूक्त कुपोषण मुक्त**" कार्यक्रम संचालन गर्न पहल गरिने छ।

१४४. सुनौला १००० दिने आमाहरुका लागि आवश्यक कार्यक्रम संचालन गरि पोषणका बारेमा जानकारी गराईने छ।

१४५. पोषण तथा खाद्य समितिलाई विषयगतका कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३
वीर बहादुर गिरी अध्यक्ष

१४६. कडा शीघ्र कुपोषण र मध्यम शीघ्र कुपोषणको व्यवस्थापनमा सुधार ल्याईने छ।

१४७. विद्यालय छोडेका किशोरीहरुलाई पोषण लगायत अन्य स्वास्थ्य सरसफाई तथा समविकास विषयमा आवश्यक ज्ञान र जीवन उपयोगी सीप सिकाउन पहल गरिने छ।

१४८. प्रत्येक घरमा पोषण मैत्री परिवारीक वातावरण तयार बनाउन जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ।

**७. संस्थागत विकास, सेवा प्रवाह, सुशासन तथा अन्तरसम्वन्ध।**

१४९. आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा निर्देशनहरु तयार गरिनेछ।

१५०. संस्थागत विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमानुसार ओ. एण्ड एम. गरिनेछ।

१५१. गाउँ प्रहरी गठनका लागि आवश्यक अध्ययन गर्न कार्यदल गठन गरि प्रक्रिया अगाडि बढाउने पहल गरिनेछ।

१५२. गाउँपालिका भित्र सामाजिक अनुशासन र मर्यादा कायम गर्न सुरक्षा गार्ड राख्ने व्यवस्था मिलाईनेछ।

१५३. कार्यालयको कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीहरुको लागि आवश्यकताको आधारमा मोटर साइकल खरिद गर्ने व्यवस्था मिलाईनेछ।

१५४. पालिकामा कार्यरत जनशक्तिलाई आ-आफ्नो सेवा र समूह अनुसार आवश्यकताका आधारमा जिम्मेवारी परिवर्तन सहित सेवामा गुणस्तरीयता अभिवृद्धि गर्न पुनर्ताजकी तालिमको व्यवस्था गरि क्षमता विकास गरिनेछ।

१५५. भौगोलिक रुपमा सिमा जोडिएका र सामाजिक सम्वन्ध स्थापित छिमेकी पालिकाहरुसँगको सहकार्यमा सिमा क्षेत्र विकास कार्यक्रम संचालनका लागि पहल गरिनेछ।

१५६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ।

१५७. प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ।

१५८. विकास साझेदारहरुको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

१५९. विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ।

१६०. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लागिनेछ।

१६१. लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ साथै आवश्यकताका आधारमा नयाँ आयोजनाहरु संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेकाम अगाडि बढाईनेछ।

१६२. सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा असोज मसान्त भित्र जनश्रमदानको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदिन अभियानलाई सफल पार्न विशेष पहल गरिनेछ ।

१६३. प्रदेश समन्वय परिषद्का बैठकबाट लिइने निर्णय र गरिने साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिईनेछ ।

१६४. शान्ति सुरक्षा कायम गर्न वडा नं ३ मुलसाम, वडा नं ४ दह वडा नं ६ घर्तिगाउँमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि पहल गरिनेछ ।

## ८. विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

१६५. गाउँपालिकाको वेवसाइटलाई अध्यावधिक गरी पालिकाका सम्पूर्ण गतिविधिहरु सार्वजनिकगर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१६६. पालिकाका महत्वपूर्ण योजना, ऐन, कार्यविधि, डकुमेन्ट्री तथा महत्वपूर्ण विधुतीय कागजातहरुलाई राष्ट्रिय सूचना केन्द्र (NITC) मा सर्भको स्थापना गरी आधिकारिक रुपमा सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाईनेछ ।

१६७. वडाहरुमा सञ्चालित इन्टरनेट सेवालाई थप प्रभावकारी बनाईनेछ ।

१६८. पालिकाभित्र हुने नमुना अभ्यासहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत व्यापक प्रचार प्रसार एवं जानकारी गराने व्यवस्था गरिनेछ ।

१६९. इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका केन्द्र सम्म फाइवर नेट पुऱ्याउन नेपाल टेलिकम तथा इन्टरनेट सेवा प्रदायक कम्पनीहरु हरुसँग पहल गरिने छ ।

१७०. अभिलेख व्यवस्थापन तर्फ नविनतम प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । विषेश गरी वडा तथा पालिकाबाट संकलन हुने राजश्वलाई विधुतीय प्रणाली सुत्रमा थप भएको राजश्व Modules लाई आर्थिक वर्ष २०८०/०८१ देखि लागु गरिनेछ ।

१७१. सरकारी तथा गैर सरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अधिलेख केन्द्र स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।

१७२. कार्यालय व्यवस्थापन तर्फका अत्यावश्यकीय सफ्टवेयरहरु व्यावसाय दर्ता प्रणाली, कर्मचारी व्यवस्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली, जस्ता Software हरुलाई लागु गर्ने व्यवस्था मिलाईनेछ ।

१७३. गाउँपालिकाले खरिद गरिसकेका तर सञ्चालनमा नभएका विद्युतीय सिफारीस, दर्ताचलानी, योजना व्यवस्थापन प्रर्णाली, जस्ता Software हरुलाई प्रयोगमा ल्याई प्राइभेट सेवा प्रदायकहरुसँग भएको होस्टिङको सम्झौता खारेज गरि राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) मा होष्टिङ गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. विभिन्न सरकारी पोर्टल, अनलाईन सीफारिस, घटना दर्ता,SuTRA, जिन्सी व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणाली जस्ता अत्यावश्यकीय Software हरुलाई सञ्चालन गर्न पालिकाको जनशक्तिलाई पुनरताजकी तालिमको व्यवस्था गरिनेछ ।

१७५. आगामी दिनहरुमा क्रमशः यस पालिकालाई e-Government को रुपमा पूर्ण डिजिटाइज गरि Paper Less बनाउन आवश्यक प्रक्रिया अघिबढाइनेछ।

१७६. स्वास्थ्यमा प्रविधिको पहुँच पुऱ्याउनTelemedicineप्रणालीको स्थापनारप्रविधि मैत्री विद्यालयको स्तरोन्नती गरी बालबालिकाहरुलाई सूचना प्रविधिको पहुँचमा सहभागी बनाउँदै लैजाने व्यवस्था मिलाइनेछ।

१७७. Digital Palika घोषणा गर्न आवश्यक पूर्वाधार निर्माणको लागि पहलगरिनेछ।

## ९. प्रधानमन्त्री रोजगार

१७८. बढ्दो बेरोजगारी समस्या समाधान गरी रोजगारी सिर्जनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ। कामदारको खातामा पैसा पुग्ने ब्यबस्था गरी रोजगार प्रवर्द्धन गर्नेकामलाई निरन्तरता दिइने छ।

१७९. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि अनुसार सिमान्तकृत वर्गको नेतृत्व, सहभागिता र सबैको स्वामित्व गर्ने नीति अवलम्वन गरिनेछ।

१८०. आ.व.२०८०/०८१ देखि संचालन हुने प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने योजनाहरुको काममा युवा सहभागिता, महिला सहभागिता सुनिश्चित गरिने छ।

१८१. सबै वडामा बेरोजगारहरुको सुचीकरण गरी उनीहरुका लागि बिशेष रोजगारको प्रबन्ध गरिने छ।

१८२. लगानीको अभाबमा ब्यबसाय गर्नबाट बन्चितहरुका लागि बित्तिय संस्थाहरुको लगानी सुरक्षित गर्न आबश्यक बजेटको ब्यबस्था गरी यहि आर्थिक बर्षबाट बारेकोटमा बैकिङ्ग लगानीको बातावरण निर्माण गरिने छ।

१८३. बारेकोट गाउँपालिकाको रोजगार रणनीति २०७९ निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

**गाउँ सभा सदस्य ज्युहरु !**

१८४. संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१८५. करहरुको दायरा विस्तार गर्न नीतिगत व्यवस्था गरिनेछ।

१८६. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ।

१८७. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ।

१८८. दीर्घकालीन सोचका आधारमा आवधिक योजनालाई अद्यावधिक गर्दै त्यसको आधारमा वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ।

१८९. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ।

१९०. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाकन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ। यसका लागि नेपाल सरकार द्धारा स्वीकृत सुत्र नामक सफ्टवेयरमा आधारित प्रविधिलाई पूर्ण रुपमा अवलम्बन गरिनेछ।

१९१. प्रभावकारी अनुगमन तथा मूल्याकन पद्दतिको विकास गरिनेछ।

१९२. आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन।

१९३. एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ। यसका लागि आयोजना तयारी फिल्टर बनाई लागु गरिनेछ।

१९४. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ।

१९५. पालिका भित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१९६. उपाध्यक्षको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१९७. आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याकन गर्ने कानूनी प्रबन्ध मिलाईनेछ।

१९८. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ।

१९९. पञ्जिकरण सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन पन्जीकरण अधिकारी तथा लेखा सहायकहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्दै क्षमता विकासका आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

२००. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिईने छ।

२०१. कानूनी शासनको प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

२०२. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

२०३. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ–आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासनको प्रत्याभूती गराईनेछ।

२०४. जनताको संचार सुविधाको आवश्यकतालाई महसुस गर्दै आगामी आर्थिक वर्षबाट बारेकोट एफएम संचालनका लागि व्यवस्था मिलाईनेछ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा रचनात्मक, महत्वपूर्ण सल्लाह, सुझाव दिने विशेष र योगदान गर्नु हुने गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी साथीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटबासीहरुप्रति हृदयदेखि हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु। तपाईहरुको स्वस्थ आलोचना रचनात्मक सल्लाह सुझाव सदैव प्राप्त भइरहनेछ भन्ने विश्वास लिएको छु।

**धन्यबाद !**

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष